नि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४० 

# नवीन साप्ताहिक

म.नि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ४१ अंक ४६ २०८० साल असार २४ गते आइतवार (9 July 2023 Sunday) मूल्य रु. ७/-




*यस अंक भित्र* – **पृष्ठ २ मा :** मिटरब्याजी पीडितहरु ... **पृष्ठ ३ मा :** भ्रष्टाचारविरोधी कामसँग डराएर ... **पृष्ठ ४ मा :** एउटा मात्र पदमा उम्मेदवारी दिँदा महिला ... **पृष्ठ ५ मा :** अमेरिकामा रोजगारी दरम ...

# तीन दिनदेखी मरेको चौपाया उठाउन नगरपालिकाले देखाएन चासो

# एक सातादेखी फोहर नउठाउदा नगर दुर्घन्धित







**राजविराज**/विगत तीन दिनदेखी मरेको चौपायालाई व्यवस्थापन गर्न नसक्दा र सात दिनदेखी नगरबाट फोहर पनि उठन नसक्दा नगर क्षेत्र दुर्घन्धित बन्दै गएको छ ।

राजविराज-रुपनी सडक खण्ड अन्तरगत पर्ने राजविराज ८ स्थित सडक किनारमा तीन दिनअघि मरेको बाछीलाई उठाउन सकिएको छैन् । मरेको बाछीलाई उठाउन नसक्दा फैलिएको दुर्घन्ध सहन नसकेपछि सो सडक खण्डबाट आवागमन गर्ने सर्वसाधारण नाक, मुख थुनेर हिड्न बाध्य भएका छन् ।

डम्पिङ साइट व्यवस्थित नभएको तथा त्यहाबाट फैलिने दुर्घन्ध र हावाहुरीले उडाउने फोहरका कारण आफूहरुको स्वास्थ्यमा समस्या पर्न थालेको भन्दै आसपासका बासिन्दाले अवरोध गरेपछि नगरको फोहर बिसर्जन कार्य प्रभावित बन्न पुगेको हो ।

राजविराज नगरभरीका संकलित फोहर बिसर्जनका लागि डेढ बर्ष अघि वडा नं. १५ मा लिजमा जग्गा लिई डम्पिङ साइटको निर्माण कार्य थालिएको थियो । उक्त डम्पिङ साइटले अझै पूर्णता पाइसकेको छैन् । जसकाराण बजार क्षेत्रका फोहर समेत उठ्न नसक्दा नगर दुर्घन्धित हुन थालेको छ ।

वडा नं. १५ का वडा अध्यक्ष ओमनारायण साहले फोहर बिर्सजनका लागि नगरपालिकाले बनाएको डम्पिङ साइटको घेरबार व्यवस्थित नभएको र आसपासका किसानहरुले त्यहाबाट फैलिने दुर्घन्ध र हावाहुरीले उडाउने फोहरले आफूहरु समस्यामा परेको भन्दै अवरोध गरेकाले समस्या उत्पन्न भएको बताए ।

बिशेष गरि छिमेकी वडा नं. ११ का बासिन्दाहरुले घेरबार व्यवस्थित नभएसम्म उक्त स्थानमा फोहर बिसर्जन गर्न नदिने अडान लिएको वडा अध्यक्ष साहको भनाई छ । "फोहर बिर्सजन स्थललाई तार जालिले घेरबार गरिएको छ, हावाहुरीको समयमा प्लास्टिकजन्य फोहर सामाग्रिहरु उडेर अर्काको खेतबारी र घरसम्म पुग्ने गरेको गुनासाहरु आउने गरेका छन्, वडाअध्यक्ष साहले भने "डम्पिङस्थलको तारजालीले होइन इटाको पर्खालले नै घेरबार गर्नुपर्ने, दुर्घन्ध फैलिन नदिन आवश्यक औषधीको प्रयोग गर्नुपर्ने र फोहरलाई समयमै नष्ट गर्न अन्य प्रबिधीको प्रयोग गर्नु पर्ने लगायतका माग स्थानिय बासिन्दाले गरेका छन् ।

राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत परबिनले डम्पिङसाइटमा फोहर बिर्सजनमा अवरोध गरिएपछि समस्या उत्पन्न भएको बताईन । उनले उक्त स्थललाई थप ब्वस्थित गर्न नगरपालिकाको साधनश्रोतले भ्याएसम्म काम अघि बढाइने बताईन् । उनले समस्या समाधानका लागि डम्पिङस्थल रहेको वडा १५ का वडाअध्यक्ष साह र सोही स्थलसँग जोडिएको अर्को वडा नं. ११ का वडा अध्यक्ष उदित नारायण यादवसमेतलाई राखी छलफल चलाइएको र चाडै समस्याको समाधान गरिने जनाएकी छिन् ।

# नेल्टाको नयाँ नेतृत्व चयन




**राजविराज**/नेपाल अँग्रेजी शिक्षक एशोसिएसन (नेल्टा) सप्तरीको तेस्रो साधारणसभाले शनिबार नयाँ नेतृत्वको चयन गरेको छ ।

शनिबार सम्पन्न तेस्रो साधारण सभाले लक्ष्मण मेहताको अध्यक्षतामा नयाँ समिति सर्वसम्मतले चयन गरेको हो ।

नयाँ समितिको उपाध्यक्षमा अरहुल कुमारी साह, सचिवमा चन्द्रशेखर देव, उप सचिवमा चुनचुन यादव र कोषाध्यक्षमा भगवती प्रसाद चौधरीलाई चयन गरिएको छ ।

यस्तै सदस्यहरुमा शिबनन्दन मण्डल, शिबनारायण चौधरी, रबीन्द्र यादव, किरण यादव, जियाबुल हक र राजदेव यादवलाई राखिएको छ ।

सल्लाहकारमा रामचन्द्र यादव, विश्वनाथ यादव, महेशराज चौधरी, रामाधिन साह र रबीन्द्र कुमार साहलाई चयन गरिएको सचिव देवले जानकारी दिए । यसअघिका अध्यक्ष अमित साहको निधन भएको थियो । साधारणसभामा पेश गरिएको आर्थिक र बार्षिक प्रतिवेदन पारित गरिएको छ ।

# बाटो ढलान गर्ने क्रममा करेन्ट लागेर मजदुरको मृत्यु

**राजविराज**/सप्तरीको छिन्मस्ता गाउँपालिका वडा नं. ५ स्थित मुसहरी टोलमा एक मजदुरको करेन्ट लागेर मृत्यु भएको छ ।

बाटोको ढलान गर्ने क्रममा जिल्लाको तिलाठी कोइलाडी गाउँपालिका ७ बस्ने २७ वर्षिय रामेश्वर मंडलको करेन्ट लागेर मृत्यु भएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार मोटर जोड्ने क्रममा करेन्ट लागी घाईते भएका मण्डललाई उपचारका लागी गजेन्द्र नारायण सिंह अस्पताल राजबिराज ल्याइएकोमा अस्पतालले मृत घोषित गरेको थियो ।

घटना सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको जनाएको छ ।

# चट्याङ लागेर दुईको मृत्यु

**राजविराज**/सप्तरीको विष्णुपुर गाउँपालिका र खडक नगरपालिकामा गरि दुई जनाको चट्याङ लागेर मृत्यु भएको छ ।

वर्षासँगै परेको चट्याङ लागेर विष्णुपुर गाउँपालिका वडा नं. ७ विष्णुपुर टोलका ७० वर्षीय रामप्रसाद रामको शुक्रबार मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

घर नजिकैको आफ्नै खेतमा काम गरिरहेका बेला बर्षाको पानीसँगै परेको चटयाङ लागेर रामको मृत्यु भएको प्रहरीले जनाएको छ ।

*बाँकी अन्तिम पृष्ठमा*

## व्यवसायिक कृषिले बनाउँछ सुखी

- निर्वाहमुखी कृषि प्रणालीमा सुधार गरी व्यवसायिक कृषिको प्रारम्भ गरौं,
- खेतीयोग्य जमिन बाँझो नराखौं,
- लाखौं खर्च गरेर विदेशिनुको सट्टा स्वदेशमै व्यवसायिक कृषि र पशुपालन गरौं,
- व्यवसायिक कृषि उत्पादनमार्फत आर्थिक उपार्जन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### बसपार्क संचालनमा ढिलाई कीन !

राजविराज बसपार्क संचालनमा आउन निकै ढिलाई भइरहेको छ। विगत लामो समयदेखी निर्माण भइरहेको यस बसपार्क अहिले पनि निर्माणाधीन अवस्थामै छ। बसपार्कमा बस नआउँदा नगरमा अव्यवस्थित बस पार्किङले सर्वसाधारणहरुलाई निकै समस्या खेप्नुपरिरहेको छ। अव्यवस्थित पार्किङका कारणले सर्वसाधारणहरुलाई आवत जावतमा निकै कठिनाई भइरहेको छ।

विगत लामो समयदेखि निर्माणधीन अवस्थामा रहेको राजविराज बसपार्क अझै संचालन हुन नसक्नु स्थानिय पालिका र ठेकेदार कम्पनी नै रहेका छन्। राजविराज नगरपालिकाले करोडौं रकम खर्चेर पनि बसपार्कलाई व्यवस्थित र संचालनमा ल्याउन नसकेकोले नगरका विभिन्न स्थानमा अव्यवस्थित बस पार्किङप्रति स्थानीय प्रशासन तथा ट्राफिक प्रहरीको समेत ध्यान जान सकेका छैन। अव्यवस्थित पार्किङले गर्दा नगरमा सवारी दुर्घटना समेत बढेको छ।

पटक पटकको पृथक प्रयासपछि पनि राजविराज बसपार्कको निर्माण कार्य अझै सम्पन्न हुन सक्नुले स्थानियहरु दुखित भएका छन्। भारतको जयपुर नक्सामा आधारित नेपालको पुरानो राजविराज नगरपालिकामा बसपार्क नहुनु अत्यन्त पीडाबोध जनाउछ। तसर्थ बर्षौदेखि बस लाग्ने प्रतिक्षामा रहेको राजविराज बसपार्कलाई व्यवस्थित र अविलम्व संचलनमा ल्याउनका लागि नगरपालिका तथा ठेकेदार कम्पनीले तदारुकता देखाउनु आवश्यक छ।

# मिटरब्याजी पीडितहरु आन्दोलित




**राजविराज**/सप्तरीका मिटरब्याजी पीडितहरुले बिहीबार प्रदर्शन गरेका छन्। मिटरब्याजीलाई कारवाही गर्न सरकारले ल्याएको अध्यादेश निष्कृय भएपछि उनीहरु प्रदर्शनमा उत्रिएका हुन्।

मिटरब्याजी पीडितहरुले मिटरब्याजीलाई कारवाही गर्न २०८० बैशाख २० गते सरकारद्वारा ल्याइएको अध्यादेश अविलम्ब पारित गर्नुपर्ने माग गर्दै प्रदर्शन गरेका छन्।

राजविराजस्थित शिव मन्दिरको प्राङ्गणमा भेला भएका मिटरब्याजी पीडित संघर्ष समिति सप्तरीको अगुवाईमा निस्केको जुलुस, २०८० बैशाखमा सरकारले ल्याएको अध्यादेश हुबहु पारित गर, मिटर ब्याजी (सुधखोर साहुमहाजन) लाई पक्राउ गर, मिटरब्याजी पीडितलाई न्याय दे लगायतका नाराबाजी गर्दै पीडितहरुले प्रदर्शन गरेका छन्।

प्रदर्शनका क्रममा मिटरब्याजी पीडितलाई न्याय दिन सरकारले ल्याएको अध्यादेश पारित गर्न नदिन नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीसहित एमालेका सांसदहरुद्वारा संसद अवरुद्ध गरिएको भन्दै अध्यक्ष ओली र एमाले विरुद्ध पनि चर्को नाराबाजी गरेका थिए।

मिटरब्याजी पीडित संघर्ष समितिका अध्यक्ष तैयब अलीले ऐन नियम बिपरित मनोमानी ढंगले ऋण लगानी र ब्याज असुली गर्ने मिटरब्याजीका कारण हजारौं सोझासाझा, गरिब, विपन्न नागरिकको उठिबास भएको र त्यस्ता प्रबृतीलाई एमालेले संरक्षण दिएको आरोप लगाए।

मिटरब्याजी समस्या समाधान गर्न ल्याइएको अध्यादेश पारित हुने अन्तिम दिन एमालेले संसद अवरुद्ध गर्दा कानुन निस्कृय बन्ने खबरले आफूहरु अन्यायमा परेको भन्दै मिटरब्याजी पीडितहरुले अविलम्ब सो अध्यादेश पारित गर्न माग गरेका छन्।

मिटरब्याजी पीडितहरुले एमाले र अध्यक्ष ओलीकै कारण आफूहरुको पक्षमा आउन लागेको अध्यादेश निस्कृय भएको भन्दै एमाले विरुद्ध चरणबद्ध आन्दोलन गर्ने चेतावनी समेत दिएका छन्।

# रुपनी पूर्णखोप सुनिश्चित पालिका घोषणा



**राजविराज**/सप्तरीको रुपनी गाउँपालिका पूर्णखोप सुनिश्चित पालिका घोषणा भएको छ।

सोमबार आयोजित घोषणा सभाबाट रुपनीलाई पूर्णखोप सुनिश्चित पालिका घोषा गरिएको हो।

गाउँपालिका अध्यक्ष दिनेशकुमार यादवको अध्यक्षता तथा जिल्ला समन्वय समितिका प्रमुख शिवनारायण साहको प्रमुख आतिथ्यमा आयोजित घोषणासभामा पूर्णखोप सुनिश्चित पालिका घोषणा गरे।

सोही दिन रुपनी जनस्वास्थ्य प्रयोगशालाको शुभारम्भ समेत गरिएको छ। सो अवसरमा गाउँपालिका अध्यक्ष यादवले गुणस्तरिय स्वास्थ्य सेवाका लागि गाउँपालिकामै ल्याब सेवा शुभारम्भ गरेको बताए।

पूर्णखोप सुनिश्चित गर्न १२ महिनादेखी २३ महिनासम्मका सम्पूर्ण बालबालिकालाई खोपको पुरा मात्रा लगाइएको प्रमुख प्रशासकीय अधिकृत रमेश प्रसाद यादवले बताए। स्थानिय स्वास्थ्य केन्द्र र खोप क्लिनिक मार्फत बालबालिकालाई खोप लगाइएको उनको भनाई छ।

त्यस्तै अध्यक्ष यादवले गाउँपालिकाका किसानहरुका लागि ल्याएको निशुल्क कृषि मिटर योजना अन्तरगत नेपाल विद्युत प्राधिकरणलाई कृषि मिटर जडान गरे वापत रु. ७ लाख रुँपैयाको चेक हस्तान्तरण गरेका छन्।

एकै दिन गाउँपालिकामा भएको तीन वटा कार्यक्रममा मधेश प्रदेश जनस्वास्थ्य प्रयोगशालाका निर्देशक डा. श्रवणकुमार मिश्रा, जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादव, गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत रमेश प्रसाद यादव, प्रशासकीय अधिकृत जामुन कुमार दास, जिल्ला समन्वय समितिका उपाध्यक्ष शम्भु यादव लगायतका अतिथिहरुको उपस्थिति रहेको थियो।

# ज्यान मुद्दाका फरार प्रतिवादी पक्राउपछी कारागार चलान

**राजविराज**/ज्यान मुद्दामा पक्राउ गरेका एक फरार प्रतिवादीलाई सप्तरी जिल्ला अदालतले पूर्पक्षका लागि राजविराज कारागार पठाउने आदेश दिएको छ।

गत बैशाख ३१ गते सप्तरीको रुपनी गाउँपालिकामा मृत भेटिएका शम्भुनाथ नगरपालिका वडा नं. २ बस्ने २१ वर्षिय मो. तफेजुलको घटनामा संलग्न रहेका जिल्लाकै शम्भुनाथ नगरपालिका वडा नं. ७ बस्ने २० वर्षिय दिलिप साहलाई अदालतले पूर्पक्षका लागि कारागार पठाउने आदेश दिएको हो।

रुपनी गाउँपालिका वडा नं. १ रायपुरको रुपनी राजविराज सडकखण्डस्थित निर्माणाधिन कलभर्ट नजिक राजाराम यादवको खेतमा मो.तफेजुल मृत फेला परेका थिए।

प्रहरीका अनुसार घटनामा संलग्न साहलाई जेठ १७ गते पक्राउ गरेकोमा मुद्दाको सम्पूर्ण अनुसन्धान कार्य पुरा गरी असार ८ गते जिल्ला सरकारी वकीलको कार्यालय सप्तरीमार्फत जिल्ला अदालतमा पेश गरेको थियो।

सोही मुद्दामा अदालतले असार ११ गते साहलाई पुर्पक्षको लागि कारागार चलान गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# भ्रष्टाचारविरोधी कामसँग डराएर सरकार ढाल्ने ?

**राजेन्द्र किराती**

पछिल्लो समय सरकार परिवर्तनको अलि बढी नै चर्चा-परिचर्चा हुन थालेको छ । गुणदोष जे भने पनि यो संसदीय प्रणालीको आधारभूत चरित्र हो । संसदीय शास्त्रीय परिभाषामा कुनै पनि पार्टी वा नेताले कुनै पनि बेला सरकारमाथि अविश्वासको प्रस्ताव पेस गर्न सक्छ । यो लोकतन्त्रको आदर्श हो, तर निहीत स्वार्थ र आग्रह-पूर्वाग्रहको फेरो समात्न थालेपछि त्यस्ता आदर्श केवल कलङ्क वा विवादको बिउ मात्र बन्न पुग्छ ।

समाधानसहितको सरकार परिवर्तन गर्नु भनेको उत्पादनमूलक लोकतान्त्रिक प्रक्रिया हो, तर जब यो पद प्राप्ति र आग्रह-पूर्वाग्रहको खेलमा सीमित हुन्छ, तब यसको कुनै औचित्य हुँदैन । नेपाली संसदीय परम्परालाई नियाल्दा समस्याको समाधान दिनका लागि लोकतान्त्रिक प्रक्रियाहरू अगाडि बढ्दैनन्, बरु दलीय र नेतागत स्वार्थ, आग्रह-पूर्वाग्रह र कुण्ठाको कक्षवरिपरि लोकतान्त्रिक प्रक्रियाहरू कैद हुँदै आएका छन् । यस कारण सरकार परिवर्तन गर्ने चर्चाको पछि कुद्नुभन्दा सरकार परिवर्तन आजको हाम्रो समस्याको वस्तुवादी समाधान हो वा होइन भनी विश्लेषण गर्न जरुरी छ ।

प्रचण्डको नेतृत्वमा सरकार गठन भएको पाँच महिना मात्र हुँदै छ । यो अवधि भनेको सरकारको तयारी, छलफल र योजना निर्माणको समय हो । यही प्रारम्भिक योजना निर्माणको जगबाट निरन्तर अघि बढ्यौं भने परिणाम टाढाको विषय हुँदैन । अर्थात् सरकारले काम के कति गऱ्यो भनेर मापन गरिहाल्ने समय भएको छैन । यसका लागि लगभग एक-डेढ वर्षको समय सीमा दिनुपर्छ । सकारात्मक र सिर्जनशील रूपमा सरकारलाई सहयोग, सुझाव, सल्लाह र प्रतिक्रिया दिनुपर्छ । सहीलाई सही र गलतलाई गलत भन्ने न्यूनतम आलोचनात्मक दृष्टिकोण राख्नैपर्छ ।

सरकार गलत बाटोतिर जाँदै छ भने समयमै सही दिशा निर्देश गर्नुपर्छ । योबाहेकको अवस्थामा पनि सरकारको विकल्प खोज्नु भनेको निरपेक्ष निहीत स्वार्थ निरपेक्ष निषेधमा आधारित हुन्छ, तर यहाँ सही उद्देश्यमा प्रचण्ड सरकारको विकल्प खोजिएजस्तो देखिँदैन । यसको पछाडि तपसिल बमोजिमको निहीत स्वार्थ र कुण्ठाले घर गरेको विश्लेषण गर्न सकिन्छ ।

**सरकारबाहिर बस्दाको पीडा**

नेपाली राष्ट्रिय राजनीतिमा सरकारमा बस्दा सबै ठीक र सरकारबाहिर बस्नुपर्दा सबै बेठीक हुने गलत परम्परा छ । राजनीति गर्नु नै देश र जनताको सेवा र समर्पण भावभन्दा पनि सांसद र मन्त्री बन्ने एकल महत्त्वाकाङ्क्षी प्रक्रियामा आधारित देखिन्छ ।

यो सबै पार्टी र नेताको हकमा लागू हुन्छ । आफूले गरेको सबै काम ठीक र अर्कोले त्यही काम गरे बेठीक भन्ने गलत भाष्य निर्माण गरिएको छ । यसले सिंगो राजनीतिलाई प्रदूषित र मूल्यहीन बनाइदिएको छ । आफू मात्र सही अरु सबै गलत भन्ने आत्मकेन्द्रित व्यक्तिवादी र पार्टीवादी स्वार्थ उत्कर्षमा पुगेको छ । यस्तो प्रवृत्तिले राजनीतिक मूल्य-मान्यता र आदर्शलाई तिलाञ्जली दिँदै आएको छ ।

पानी र माछाजस्तै भएका छन्, सरकार र पार्टी वा नेता । पानीबिना माछा बाँच्नै नसकेजस्तै सरकारबिना पार्टी र नेता एकपल जिउनै नसक्ने स्थितिमा पुगेका छन् । यस्तो वस्तुगत र आत्मगत धरातलमा प्रतिपक्षमा बसिरहनु पक्कै पनि निकै पीडादायी हुन्छ । यही भावभूमिमा सरकारबाहिर बस्न बाध्य भएका पार्टी र नेतालाई केही अवसरवादी हुटहुटी जाग्नु स्वाभाविक हो । सरकार परिवर्तनको हल्ला वा चर्चा यस्तै सत्ता सुखभोगमा आधारित हुटहुटीकै अवसरवादी अभिव्यक्ति हो ।

**दलीय र नेतागत आग्रह-पूर्वाग्रह**

हाम्रो राजनीतिमा सैद्धान्तिक राजनीतिक दृष्टिकोणको अभ्यास निकै कम रहेको छ । दृष्टिकोणको राजनीति नभएको ठाउँमा नैतिकता र इमान-जमान पनि हुँदैन । यहाँ जसरी पनि चुनाव जित्ने र सांसद-मन्त्री बन्ने होडबाजीबाहेक अरु केही देखिँदैन ।

यसरी हारजितको चरम स्वार्थगत होडबाजीमा आधारित राजनीति एकले अर्कोलाई निषेध नगरी, नाङ्गो नपारी र नखुइल्याई अघि बढ्न सक्दैन । दृष्टिकोणको राजनीति नभएपछि एकले अर्कोलाई गाली नगरी, आरोप-प्रत्यारोप नगरी राजनीतिक फसल पाक्दैन । यो नमिठो सच्चाइ नेपाली राजनीतिको हो ।

यस्तो परिवेशमा कुनै एउटा पार्टी र नेताको भन्दा अझ उन्नत कार्ययोजना र कार्यक्रम पेस गरेर अघि बढ्ने कुरा आउँदैन । यस कारण हामी उनीहरूभन्दा प्रगतिशील र उन्नतशील भन्ने वस्तुवादी आधार पेस गर्नुपर्दैन । यस्तो वस्तुगत धरातलमा केवल अरु पार्टी र नेताहरूलाई तथानाम गाली गरे पुग्छ । उनीहरूलाई निषेध गरे पुग्छ, आग्रह र पूर्वाग्रह लिए पुग्छ । परिणामतः आज हाम्रो राजनीतिमा एउटा पार्टीले अर्को पार्टीलाई अनि एउटा नेताले अरु नेतालाई जन्मजातै गलत दृष्टिकोण राखिरहेको हुन्छ ।

यसरी दलीय आग्रह, पूर्वाग्रह र कुण्ठाकै बीच वर्तमान सरकारको विकल्प खोज्न थालिएको विश्लेषण गर्न सकिन्छ । यसले स्थायित्व, विकास र समृद्धिको यात्रामा बाधा पुऱ्याउने निश्चित छ । यसकारण यो सरासर गलत छ ।

**भ्रष्टाचारीलाई कारबाही**

नेपाल भनेको भ्रष्टाचार र काण्डैकाण्डले भरिएको मुलुक हो । यस्तो मुलुकमा भ्रष्टाचारलाई नियन्त्रण गर्नु चानचुने सवाल होइन । अर्थात् यहाँ भ्रष्टाचारविरुद्ध धावा बोल्न निकै ठूलो साहस चाहिन्छ ।

यस्तो वस्तुगत अर्थराजनीतिक धरातलमा वर्तमान सरकारले भने निकै गम्भीर जोखिम मोलेरै भ्रष्टाचारका फाइलहरू खोल्दै छ । यो सुखद, सकारात्मक, प्रशंसनीय र ऐतिहासिक थालनी हो । यसलाई सरकारले राम्रो कामको थालनी गरेको शुभसङ्केतका रूपमा ग्रहण गरिँदै छ । जस्तोसुकै परिस्थिति आए पनि सरकारलाई पछि नहट्न जनताले दबाब दिइरहेका छन् ।

नक्कली भुटानी शरणार्थी प्रकरणमा दुई पूर्वमन्त्रीसहित दर्जनभन्दा बढी जेल चलान भइसकेका छन् । अरु गिरफ्तारीमा परिरहेका छन् । यता पशुपतिनाथको जलहरी काण्ड पनि छानबिनकै क्रममा छ । ललिता निवास जग्गा काण्ड छानबिनका लागि भाटभटेनीका सञ्चालक मीनबहादुर गुरुङ पनि गिरफ्तार परेका छन् । अझै ठूलो माछाहरू समातिने खतरा बढेको छ । यसले धेरैको निदहराम भएको छ ।

यी परिदृश्यले भ्रष्टाचारमा संलग्न जोसुकैलाई वर्तमान सरकारले नछाड्ने सङ्केत लिएको देखिन्छ । राजनीतिक वृत्तमा ठूलै खैलाबैला आरम्भ भइसकेको छ । यी लगायत अन्य दर्जनौं फाइल खोल्ने सरकारको तयारी बुझ्न कठिन छैन ।

यस्तो वस्तुगत धरातलमा भ्रष्टाचारको फाइल खोल्ने सरकारलाई बेलैमा मर्मत गरियो भने फाइल पनि बेपत्ता वा ढिसमिस हुने कुरा उनीहरूले राम्ररी बुझेका छन् । कतिपय पार्टी र नेताहरूलाई यो पनि भय छ कि भोलि एकाएक आफ्नै नामको फाइल खोलियो भने हालत खराब हुन्छ । किनभने सरकारले नेपाली पानीको सबैभन्दा ठूलो माछालाई पनि नछाड्ने उद्घोष गरिसकेको छ ।

रोग लागेर उपचार गर्नुभन्दा रोग नै लाग्न नदिनु वस्तुवादी हुन्छ भन्ने तथ्यलाई हृदयङ्गम गर्दै वर्तमान सरकारलाई जति सक्दो छिटो ढाल्ने रणनीतिमा विपक्षीहरू रहेको विश्लेषण गर्न सकिन्छ । आफ्नो कमान्डमा नयाँ सरकार बनेपछि त फाइल आफ्नै अनुकूलता र प्रतिकूलतामा खोल्ने र बन्द गर्ने सहज परिस्थिति बन्नेछ । कारबाहीबाट बच्ने सबैभन्दा भरपर्दो उपाय भनेको तत्काल अर्को सरकार गठन नै हो ।

यस अतिरिक्त यो सरकारले केही जनपक्षीय काम पनि अघि बढाइरहेको छ । यसबाट पनि विपक्षीहरू अत्तालिएको हुनसक्ने विश्लेषण गरिँदै छ ।

सबै अवस्थामा सरकार परिवर्तन समस्याको समाधान होइन । भोलि बन्ने सरकारभित्र पनि खटपटी हुँदैन भन्ने वस्तुवादी आधार देखिँदैन । किनभने गठन हुँदा जुन विधि अपनाइएको छ, विघटन हुँदा पनि त्यही विधि हावी हुन्छ । यो सार्वभौम नियम हो ।

यहाँनेर यही सरकार रहिरहनुपर्छ, अरु कुनै विकल्प छैन भन्ने होइन, तर यो सरकारलाई ढालेर अर्को सरकार गठन गरे पनि हामीले भोगिरहेका समस्या भने जहाँको तहीं हुनेछन् । अरु महत्त्वपूर्ण राजनीतिक सवालहरू उठे भने यसको विकल्प खोज्नैपर्छ । अन्यथा केवल प्रतिपक्षमा बस्दाको पीडा र दलीय वा नेतागत आग्रह-पूर्वाग्रहका कारण विक्षिप्त भएर सरकार ढाल्न खोजिन्छ भने त्यो सरासर गलत हुन्छ ।

वस्तुतः औसत आग्रह-पूर्वाग्रहकै कारण सरकारको विकल्प खोज्दा न समस्याको समाधान हुन्छ, न त अहिलेको सरकारले गर्न नसकेको काम अर्को सरकारले गर्न सक्छ । यसले केवल अर्को पार्टी र नेताहरूलाई सरकारी सुखभोगवादी अवसरसहित शक्तिमा विराजमान गराउँछ, वश हुने यति नै हो ।

यत्तिकै लागि सरकार ढाल्नु जताबाट नापे-तौले पनि वस्तुवादी, व्यावहारिक र अर्थपूर्ण काम हुँदैन । यो चरम पदलोलुप, अस्थिर, अवसरवादी, आग्रही र पूर्वाग्रहीभन्दा अरु केही होइन । तब भोलि अर्को पार्टीले पनि यस्तै पदचिह्न अनुसरण गर्नेछ, अनि हामी यस्तै सरकार ढाल्ने र गिराउने अनन्त चक्रव्यूहमा फस्नेछौं, जसले हामी कसैको हित गर्दैन । रातोपाटी


## बाढीबाट बच्ने उपायहरु




अनुरोधकर्ता

**तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी**

## आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार



## तपाईंकै सहर राजविराजमा



आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

**हाम्रा विशेषताहरु**

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**

**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

# एउटा मात्र पदमा उम्मेदवारी दिँदा महिला उम्मेदवार हुनुपर्ने निर्णय

**राजविराज**/निर्वाचन आयोगले स्थानीय तहको अध्यक्ष वा उपाध्यक्ष, प्रमुख वा उपप्रमुखमध्ये कुनै एउटा मात्र पदमा उम्मेदवारी दिँदा महिला उम्मेदवार हुनुपर्ने निर्णय गरेको छ ।

वडाअध्यक्ष पदमा उम्मेदवारी दिँदा सम्बन्धित स्थानीय तहमा मनोनयन गर्ने सम्पूर्ण वडाध्यक्षमध्ये कम्तीमा ३३ प्रतिशत महिला उम्मेदवार हुनुपर्ने समेत प्रस्ताव छ ।

यस्तै निर्वाचन आयोगले समानुपातिक सांसद दुई पटकभन्दा बढी हुन नपाउने कानुनी व्यवस्था गर्नुपर्ने निर्णय समेत गरेको छ ।

आयोगको सोमबार बसेको बैठकले निर्वाचनसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकको मस्यौदा पास गरेको छ, जसमा कुनै समानुपातिक निर्वाचन प्रणालीबाट दुई पटक सांसद भइसकेको व्यक्ति फेरि समानुपातिकमै उम्मेदवार हुन नसक्ने उल्लेख छ ।

त्यस्तै प्रत्यक्ष निर्वाचनतर्फ दलहरुले कम्तीमा ३३ प्रतिशत महिला उम्मेदवार बनाउनुपर्ने कानुनी व्यवस्था गर्ने निर्णय गरेको छ ।

आयोगको सोमबार बसेको बैठकले निर्वाचनसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकको मस्यौदा पास गरेको छ ।

राजनीतिक दलले पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फ उम्मेदवारी दिँदा कम्तीमा ३३ प्रतिशत महिला उम्मेदवार हुनुपर्ने उल्लेख छ ।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले विज्ञप्ति जारी गर्दै आयोगले मतदाता नामावली संकलनदेखि उम्मेदवारको योग्यतालगायत विषयमा नयाँ प्रावधानहरू प्रस्ताव गरिएको जानकारी दिएका छन् ।

मन्त्रिपरिषदले २०७८ पुस १४ गते सैद्धान्तिक सहमति दिएपछि तयार गरिएको विधेयक तर्जुमा गर्ने क्रममा निर्वाचन सरोकारवालाहरूसँग सातवटै प्रदेश तथा केन्द्रमा छलफल एवम् अन्तरक्रिया गरी सुझाव संकलन गरिएको आयोगले जनाएको छ ।

आयोगले विभिन्न चरणमा निर्वाचन कानूनका विज्ञ तथा सरोकारवालाहरूको सुझाव समेतका आधारमा मस्यौदामा आवश्यक परिमार्जन गरी निर्वाचनसँग सम्बन्धित विद्यमान ७ वटा ऐनका प्रावधानहरू समेटी एकीकृत रूपमा विधेयक तयार पारेको छ ।

# अज्ञात रोगका कारण तीन वटा पशु चौपायाको मृत्यु, दर्जनौं बिरामी

**राजविराज**/सप्तरीमा पशु चौपायामा देखिएको अज्ञात रोगका कारण तीन वटा पशु चौपायाको मृत्यु तथा दर्जनौं पशु बिरामी परेका छन् ।

अज्ञात रोगका कारण जिल्लाको छिन्नमस्ता गाउँपालिका लोखरमस्थित छिन्नमस्ता पोल्ट्रीफर्मका दुई गाई तथा खडक नगरपालिका २ मा एक बाछी गरि तीन वटा पशुको मृत्यु भएको छ ।

छिन्नमस्ता पोल्ट्री तथा कृषि फर्मका संचालिका पुनिता मिश्राले छालामा घाऊ देखिने, बिस्तारै बिस्तारै बढ्दै जाने, ज्वरो आउने, खुट्टा काम्ने, दुब्लाउदै जाने, खान नरुचाउने जस्ता लक्षण फर्ममा रहेका पशु चौपायामा देखिएको सुनाइन् ।

यस्तै खडक नगरपालिका २ का पशुपालक प्रकाश चौधरीले एउटा बाछीमा अघिल्लो दिन घाउ देखिएको र त्यसको उपचार गर्न नपाउँदै भोलिपल्टै मृत्यु भएको बताए । अज्ञात रोगले गाउँमा दर्जनौं पशु चौपाया बिरामी परेको अर्का पशुपालक छिन्नमस्ता ५ का प्रभास मिश्राले सुनाए ।

राजविराज नगरपालिकाका पशुपंक्षि विकास शाखाका अधिकृत एवं पशुचिकित्सक अमरेन्द्र झाले आफुलाई पनि पशुमा फैलिएको रोगबारे खबर आएको बताए । उनले पशु चौपायामा हाल देखिएको रोग छाला रोग भएको बताए ।

उनले केही बिरामी पशु चौपायाको नमूना परिक्षण गर्दा छाला सम्बन्धी जटिल रोग लिम्पि भएको पुष्टि भएको बताए ।


## मेनरोडमा कोठा भाडामा चाहिए सम्पर्क गरौं

राजविराजको मुख्य बजार क्षेत्र मेनरोड राजविराज-४ स्थित कामना सेवा विकास बैंकको माथिल्लो तल्लामा कोठाहरु खाली रहेकाले बैंक, वित्तिय संस्था, सहकारी संस्था, विमा कम्पनी तथा व्यवसायीक प्रयोजनका लागी आवश्यक परे सम्पर्क गर्नु होला ।

**सम्पर्क नम्बर :**

**९८४२८२१०८२/९८१९७२५०८२**



### जनहीतका लागि जारि सन्देश

## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने ।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ । तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने ।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने ।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने ।
५. उपचारको व्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने ।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने ।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने ।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने ।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने ।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिवृद्धि गर्ने ।

**आकस्मिक सम्पर्क नम्बरहरु**

**जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**
**सशस्त्र प्रहरी बल, नेपाल प्रस्ताबित सीमा सुरक्षा गुल्म पातो -९८५१२७२४८५**
**इलाका प्रहरी कार्यालय, पातो - ९८५२८९०५११**

**अनुरोधकर्ता : डाक्नेश्वरी नगरपालिका, सप्तरी**


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आवश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना :**१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिंग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
**मोवाईल नं. ९८५२८२०९३५**

# अस्पताल परिसर डुवानमा



**राजविराज**/अविरल वर्षाका कारण राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पताल डुबानमा परेको छ। बुधबार बिहानैदेखी परेको वर्षाले अस्पताल परिसरमा पानी निकासको व्यवस्था नहुँदा अस्पताल डुबानमा परेको हो। अस्पताल डुबान हुँदा ओपीडी, एक्सरे र फार्मेसीमा पानी पसेको छ।

यस्तै नगरका विभिन्न वडामा वर्षाको पानी घर घरमा पसेको छ। नालाको सफाई नहुँदा नलाबाट बग्ने पानी माथीबाटै बगेपछि घर घरमा पसेको हो। वर्षाका कारण राजविराज ६ स्थित हुलाकी सडक खण्डमा पानी जमेको छ।

अविरल वर्षाका कारण राजविराजसहित जिल्लाभरिका शैक्षिक संस्थाका पठनपाठन प्रभावित भएको छ भने जनजीवन प्रभावित बनेको छ।

वर्षासँगै सप्तकोशी नदीमा बाढी आएको छ। बुधबार बिहान १० बजे गरिएको मापनअनुसार कोसी ब्यारेजमा प्रतिसेकेन्ड पानीको बहाव १ लाख २६ हजार १६५ क्युसेक रेकर्ड भएको ब्यारेजस्थित नियन्त्रण कक्षले जनाएको छ। कूल ५६ वटा ढोका मध्ये १८ वटा ढोका खोलिएको छ।

बिहानैदेखी भएको लगातारको वर्षाले जिल्लाका नदी, नाला, खोलाको जलस्तर बढेको छ। बाढी पूर्वानुमान महाशाखाले सप्तकोसीको सहायक नदीहरुमा जलस्तर उल्लेख्य बढ्ने र आकस्मिक बाढी आउन सक्ने सम्भावना रहेकाले तटीय क्षेत्रका बासिन्दालाई सतर्कता अपनाउन आग्रह गरेको छ।

# बस्ती डुवानमा पर्न थालेपछि सडक अवरुद्ध, प्रहरीद्वारा बल प्रयोग

**राजविराज**/पूर्व पश्चिम राजमार्ग अन्तर्गत सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. ३ पोर्ताहास्थित महुली पुलमा बुधबार सडक अवरुद्ध गरेपछि प्रहरीले राजमार्ग खोलाउन लाठीचार्ज र एक राउण्ड हवाई फायर गरेको छ।

बाँध कटान हुन थालेपछि स्थानीयहरुले सडक अवरुद्ध गरेका हुन। वर्षायाममा हरेक वर्ष महुली नदीको बाँध भत्किएर बस्तीमा पानी पस्ने गरेको भन्दै स्थानीयहरुले बुधबार बाँध कटान हुन थालेपछि राजमार्ग अवरुद्ध गरेको जनाएका छन्।

स्थानीयहरुले राजमार्ग अवरुद्ध पार्दै प्रदर्शन गर्न थालेपछि प्रहरीले राजमार्ग खोलाउन सामान्य लाठी चार्ज र हवाई प्रहार गरेको प्रहरी उपरिक्षक नरेन्द्र कार्कीले जानकारी दिएका छन्।

सो वडामा बसोवास गर्दै आएका डोम समुदायको बस्ती नै डुवानमा परेपछि सडक अवरुद्ध गरेका हुन्। प्रहरीले सामान्य बल प्रयोग गरेपछि सडक जाम खुलेको छ।

# साइबर क्राइम

**पृष्ठभूमी**

बर्तमान समय सामाजिक संजालको युग हो। फेसबुक, मेसेन्जर, ह्वाटसएप, भाइबर, ट्वीटर, इमोजस्ता सामाजिक संजालको प्रयोग व्यक्तिले गरिरहेका छन्। सामाजिक संजालले प्रयोगकर्तालाई सहज बनाएको छ। मानिस जुनसुकै देश र स्थानमा रहेपनि प्रत्यक्ष झैं कुराकानी गर्न पाएका छन्। तर, सामाजिक संजालले जति सहजता उत्पन्न भएको छ, त्यत्ति नै यसको दुरुपयोग गरेर अपराध कर्म पनि हुन थालेको छ। जसलाई साइबर अपराध भनिन्छ।

अन्य अपराधभन्दा यसको प्रकृति र शैली बिलकुल फरक छ भने यसको प्रभाव पनि शक्तिशाली र आम रूपमा हुन्छ। विद्युतीय प्रविधिको गलत प्रयोगले निम्त्याउने यो अपराध अन्य अपराधभन्दा भिन्न शैलीको छ। इन्टरनेटको प्रयोगमार्फत गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, इन्टरनेट फ्रड (धोकाधडी), अर्काको पहिचान अनाधिकृत रूपमा प्रयोग, क्रेडिट कार्ड तथा एकाउन्ट आदिको चोरी गरी गरिने बैंकिक कसुर, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुऱ्याइने क्षतिलगायत अवैधानिक कार्यलाई पनि विश्वका अधिकांश मुलुकका कानुनले साइबर अपराध मानेको छ।

कम्प्युटर, मोबाइल र इन्टरनेटको प्रयोगमार्फतफेक आइडी बनाउने, सामाजिक सञ्जाल प्रयोग गरी गाली गर्ने, वेभसाइट ह्याक गर्ने, फोटो इडिट गरी स्वरूप परिर्वतन गर्ने, अश्लील फोटो/भिडियो पठाउने, सञ्जालमार्फत जिस्काउने, अपमान गर्ने, कल बाइपास, गैह्र कानूनी इमेल, एसएमएस धम्कीदिने जस्ता कार्य नै साइबर अपराध (क्राइम) हो। त्यस्तै इन्टरनेटको प्रयोग गरी गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, धोकाधडी, क्रेडिट कार्ड तथा एकाउन्ट चोरी, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुर्याउने क्षति लगायत अवैधानिक कार्यलाई पनि साइबर अपराध मानिन्छ।

**कहाँ र कसरी गर्ने उजुरी ?**

साइबर क्राइमको उजुरी प्रहरी कार्यालयमा दिन सकिन्छ। यद्यपी अपराधका विषयमा उजुरी दिन प्रहरी कार्यालयमै पुग्नुपर्ने व्यवस्था भएपनि साइबर अपराधबारे उजुरी दिन कार्यालयमै पुग्नुपर्छ भन्ने छैन। प्रहरीमा अनलाईनमार्फत् पनि उजुरी वा निवेदन दिन सकिने व्यवस्था गरिएको छ। त्यसको लागि निवेदन टाइप गरी प्रमाणसहित साइबर व्युरोको इमेल आइडीमा उजुरी पठाउन सकिन्छ। प्रमाणको रुपमा स्क्रीन सर्ट, परिचयपत्र, लिंक, भिडियो, अडियो, फोटो लगायत प्रमाण निवेदनसँगै पठाउनुपर्ने हुन्छ। यसबाहेक साइबर व्युरोले उपलब्ध गराएको फोन नम्बरमा घट्नाको बारेमा जानकारी दिई नाम टिपाएर उजुरी गर्न सकिने हुन्छ।

पहिला अन्य अपराधको जसरी साइबर क्राइममा जुनसुकै जिल्ला अदालतमा मुद्दा दर्ता हुने व्यवस्था थिएन्। काठमाडौं जिल्ला अदालतमा मात्र साइबर क्राइमको मुद्दा दर्ता हुन्थ्यो।

५ असार, २०८० मा बसेको मन्त्रीपरिषद् बैठकले सबै जिल्ला अदालतलाई यस्तो अधिकार दिने निर्णय गरेको छ। विद्युतीय कारोबार ऐन, २०६३ को दफा ६० को उपदफा ५ बमोजिम सोही ऐनको परिच्छेद ९ मा उल्लेख भए बमोजिमका कसुरहरूको शुरू कारबाही र किनारा गर्ने अधिकार सबै जिल्ला अदालतलाई दिइने निर्णय गरेको छ।

**कसरी गरिन्छ यसको अनुसन्धान प्रकृया ?**

उजुरी परेपछि प्रहरीले उपलब्ध प्रमाणका आधारमा सुक्ष्म अनुसन्धान शुरु गर्दछ। प्रहरीले साइबर अपराध अनुसन्धान गर्नकै लागि साइबर ब्युरोको स्थापना गरी डिजिटल फरेन्सिक ल्याब सुधारको प्रयास सुरु गरेको छ। अपराधीले कतै न कतै डिजिटल प्रविधि प्रयोग गरेको हुन्छ भने प्रहरी पनि मोवाइलको लोकेसन, कल डिटेल या सामाजिक सञ्जालका क्रियाकलापको चेकजाँच गरी प्रारम्भिक अनुसन्धान शुरु गर्दछ। आरोपित व्यक्ति संलग्नता देखिए निजलाई पक्राउन गरी थप अनुसन्धान प्रकृया अगाडि बढाउँछ र प्रारम्भिक अनुसन्धान पश्चात सरकारी वकिलको कार्यालय मार्फत अदालतमा साइबर क्राइमको अभियोग दर्ता हुन्छ। अदालतमा अभियुक्तको बयान तथा पीडितको बकपत्र लगायतका बाँकी अनुसन्धान कार्य पुरा गरी अदालतमा फैसला सुनाउने गर्दछ।

**के छ दण्ड सजायको व्यवस्था ?**

नेपालमा विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ प्रयोग गरेर साइबर अपराधको मुद्दा चलाउने गरिएको छ। अपराध पुष्टि भएमा अपराधको प्रकृति हेरी बढीमा तीन लाख रुपैयासम्म जरिवाना र पाँच बर्षसम्म कैद सजायको व्यवस्था गरिएको छ। अपराधको प्रकृति र कसूरको गाम्भिर्यतालाई हेरेर कैद तथा जरिवाना कम बढी गर्ने स्वविवेकिय अधिकार न्यायाधीशमा रहेको हुन्छ। पीडितलाई पुग्न गएको क्षतिलाई विचार गरेर कसूरदारबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराईदिने व्यवस्था पनि कानूनमा गरिएको छ।

**उजुरी गर्ने म्याद कति हुन्छ ?**

साइबर क्राइम सम्बन्धी कसूर ठहर्ने कुनै कार्य भएमा त्यस्तो कसूर भए गरेको थाहा पाएको मितिले पैतीस दिनभित्र जुरी गरिसक्नुपर्ने हुन्छ।

**निष्कर्ष:**

जुनसुकै अपराधका दोषी उम्किनुहुँदैन्। पछिल्लो समयमा इन्टरनेटको प्रयोग गरी व्यक्तिको चरित्र हत्या गर्नेदेखि ठगी गर्ने, इमेल र बैंक अकाउण्ट ह्या गरी रकम चोर्नेजस्ता अपराध हुन थालेको छ। साइबर क्राइमबाट पीडित जो सुकैले न्याय पाउनुपर्दछ। अर्को कुरा सामाजिक संजालको प्रयोग कसरी गर्ने भन्नेतर्फ सबै प्रयोगकर्तालाई सचेत रहनु जरुरी छ। आफूलाई पर्न गएको मर्काको सम्बन्धमा उजुरी दिई अपराधीलाई कारवाहीको दायरामा ल्याउन जरुरी देखिन्छ।

**जनहितका लागि : डाक्नेश्वरी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय पातो, सप्तरी**

# अन्तर्राष्ट्रिय समाचार

## अमेरिकामा रोजगारी दरमा कमी

**वासिङ्टन**/संयुक्त राज्य अमेरिकामा जुन महिनामा भर्तीमा सुस्तता आएको अमेरिकी श्रम मन्त्रालयले शुक्रबार सार्वजनिक एक रिपोर्टमा उल्लेख छ। अमेरिकामा नयाँ रोजगारीका अवसर धेरैले अपेक्षा गरेभन्दा कम सिर्जना भएको र यसले अर्थव्यवस्थामा चिसोपनको सङ्केत देखाइरहेको छ। रोजगार दरमा आएको सुस्त गतिले अमेरिकी फेडरल रिजर्भलाई केही राहत प्रदान गर्नेछ। यसले हालै नीति निर्माताहरूलाई अमेरिकी अर्थव्यवस्थाको अवस्थाको आँकलन गर्न थप समय दिनका लागि दर वृद्धिको आफ्नो आक्रामक अभियानलाई रोकेको छ।

मार्च २०२२ देखि फेडको ब्याजदरमा पाँच प्रतिशत बिन्दुले वृद्धि भएको र ब्याजको वृद्धिको तीव्र गतिको बाबजुद, मुद्रास्फीति दुई प्रतिशतको दीर्घकालीन लक्ष्यभन्दा माथि रहेको छ। विश्वको सबैभन्दा ठूलो अर्थतन्त्र भएको चीनले गत महिना दुई लाख नौ हजार रोजगारी सिर्जना गरेको चिनियाँ श्रम विभागले जनाएको छ। यसबीच बेरोजगारी दर ३.६ प्रतिशतमा झरेको छ, जुन लामो समयदेखिको अत्यधिक न्यून दरको नजिक रहेको छ। एजेन्सी

## सुडानका अर्धसैनिक बलको सहरमा लुटपाट र आतङ्क जारी

**सुडान**/सुडानको अर्धसैनिक बल र्‍यापिड सपोर्ट फोर्सेज (आरएसएफ)का बन्दुकधारीहरूले शुक्रबार एक दुर्गम सहरमा आक्रमण गरेको र गोली चलाउनु अघि लुटपाट गरेको प्रत्यक्षदर्शीले जनाएका छन्। मोहम्मद हमदान डग्लोको नेतृत्वमा रहेको आरएसएफले करिब तीन महिनादेखि जनरल अब्देल फत्ताह अल बुरहानको नेतृत्वको आधिकारिक सेनासँग लडिरहेको छ। जारी द्वन्द्वले कम्तीमा तीन हजार व्यक्तिको ज्यान लिइसकेको छ र लाखौं विस्थापित भएका छन्।

उत्तरी कोर्डोफानको राजधानी एल-ओबेदबाट ५० किलोमिटर उत्तरपूर्वमा रहेको बारामा आरएसएफले 'बैंक र सार्वजनिक भवनहरू लुटिरहेको' सहरका केही प्रत्यक्षदर्शीले नाम उल्लेख नगर्ने सर्तमा बताए। अर्का स्थानीय अब्देलमोहसेन इब्राहिमले भन्नुभयो, 'हामी आतङ्कित भएका छौं, उनीहरूले जथाभावी गोली हान्ने र लुटपाट गरिरहेका छन् भने सरकारी सेना र प्रहरी कतै पनि देखिएका छैनन्। "यदि सेनाले एल-ओबेदबाट आउन खोज्यो भने पनि आरएसएफले एल-ओबेद-बारा सडकबाट उनीहरूलाई आउन दिएको छैन। खार्तूमबाट तीन सय ५० किलोमिटर दक्षिणमा रहेको एल-ओबेद एक रणनीतिक व्यवस्थापकीय सामानहरूको जोहो गर्ने एक व्यावसायिक केन्द्र हो यहाँ विमानस्थल र खाद्य भण्डारणका लागि विशाल गोदामहरू छन्।

गत अप्रिल १५ देखि जारी द्वन्द्व राजधानी खार्तुम, उत्तरी कोर्डोफान र डार्फरको विशाल पश्चिमी क्षेत्रमा केन्द्रित छ। ती स्थानहरूमा संयुक्त राष्ट्रसङ्घले 'मानवताविरुद्धको अपराध' हुन सक्ने चेतावनी दिएको छ। धेरै नागरिकहरूले आरएसएफले उनीहरूविरुद्ध हिंसात्मक कार्यहरू गरेको आरोप लगाएका छन्, जबकि सशस्त्र बलहरूले उनीहरूको सुरक्षाको लागि थोरै मात्र गरेको आरोप लगाएका छन्। युद्ध सुरु भएदेखि आरएसएफले आवासीय क्षेत्रमा बेस स्थापना गरेको छ भने सेनाले आफ्नो हवाई सेवाको लाभ उठाउन सङ्घर्ष गरिरहेको छ। आरएसएफले नागरिकहरूलाई उनीहरूको घरबाट बाहिर निकाल्न बाध्य पारेको, सवारी साधनहरू जफत गरेको, अन्य सम्पत्ति लुटेको र महिलाहरूलाई बलात्कार गरेको आरोप लगाइएको छ। खार्तूम र डार्फरमा स्थानीय समयअनुसार बिहीबार रातिसम्म पनि हवाई आक्रमण, भारी गोलाबारी र जमिनमा भिडन्तसहित नयाँ भिडन्त भएको बताइएको छ। एजेन्सी

## रोहिङ्ग्या शिविरमा भएको झडपमा छ जनाको मृत्यु

**बंगलादेश**/बंगलादेशको राहत शिविरमा भएको झडपमा छ जना रोहिङ्ग्या शरणार्थीको मृत्यु भएको छ। अन्तर्राष्ट्रिय फौजदारी अदालतका अभियोजक बयान लिन उक्त बस्तीमा पुगेको केही घण्टापछि भएको झडपमा परी मृत्यु भएको प्रहरीले शुक्रबार जनाएको छ। बङ्गलादेशमा रोहिङ्ग्या अल्पसङ्ख्यक समुदायका करिब १० लाख सदस्य छन्। उनीहरूमध्ये अधिकांश सन् २०१७ मा छिमेकी देश म्यानमामा भएको सैन्य कारबाहीबाट भागेका हुन्।

'अराकान रोहिङ्ग्या साल्भेसन आर्मी (एआरएसए)' र 'रोहिङ्ग्या सोलिडारिटी अर्गनाइजेसन (आरएसओ)' बीच शिविरमा सञ्चालित दुई प्रतिद्वन्द्वी विद्रोही समूहबीच भएको घातक भिडन्तको शृङ्खलामा यो साताको हिंसा पछिल्लो घटना हो। शरणार्थी शिविरको सुरक्षा हेर्ने सशस्त्र प्रहरी बटालियनका प्रवक्ता फारुक अहमदले एएफपीलाई दिएको जानकारीअनुसार शुक्रबार बिहान सबेरै भएको सशस्त्र झडप (गोली हानाहान)मा पाँच जनाको मृत्यु भएको छ। "गोली हानाहानमा मारिएका पाँचै जना कमाण्डरसहित एआरएसएका सदस्य हुन्," उहाँले भन्नुभयो झडपपछि शिविरमा सुरक्षा व्यवस्था कडा पारिएको छ।

अहमदका अनुसार शरणार्थी समुदायका नेता इबादुल्लाहको एआरएसए सदस्यहरूको हातबाट हत्या भएको केही घण्टापछि हिंसा भएको हो। स्थानीय दैनिक प्रोथोम आलोका अनुसार २७ वर्षीय इबादुल्लाहले सन् २०१७ मा म्यान्मारमा भएको दमनका प्रत्यक्षदर्शीको बयान लिन बिहीबार शिविर पुगेका आईसीसीका अभियोजक करिम एए खानलाई भेट्न शरणार्थीलाई भेला गरिरहेका थिए। एआरएसएले हत्याको बारेमा तत्काल कुनै टिप्पणी गरेको छैन, तर यसका सदस्यहरूले आफ्नो अधिकारलाई चुनौती दिने रोहिङ्ग्या नेताहरूलाई लक्षित गरेको आरोप लगाइएको छ। एजेन्सी

# उपमेयरलाई तीन दिन हिरासतमा राख्न आदालतको आदेश



**राजविराज**/नेपाल र भारतको नागरिकता लिएको आरोपमा सप्तरीको डाक्नेश्वरी नगरपालिकाकी उपप्रमुख मिरा कुमारी यादवलाई अनुसन्धानका लागि तीन दिन हिरासतमा राख्न जिल्ला अदालत सप्तरीले अनुमति दिएको छ ।

सरकारी वकिलले नागरिकता कसुरमा थप अनुसन्धानका लागि १० दिन म्याद थप्नु पर्ने जिकिर गर्दा उपप्रमुख यादवका वकिलले उनीमाथी झुठा आरोप लगाइएको भन्दै तत्काल रिहाईको आदेश मागेका थिए ।

न्यायाधिश श्यामबिहारी मोर्यले दुबै पक्षको जिकिर सुनेपछि अनुसन्धानका लागि उपप्रमुख यादवलाई तीन दिन हिरासतमा राखेर अनुसन्धान गर्न म्याद थप्ने आदेश जारि गरेका हुन् ।

असार १९ गते बुधबार अदालतको अनुमति पाएर प्रहरीले नागरिकता सम्बन्धी कसुर मुद्दामा मिरा र उनका श्रीमान महेन्द्र यादव बिरुद्ध पक्राउ पूर्जी जारि गरेको थियो ।

पक्राउ पूर्जी जारी भएपछि बुधबार शक्ति प्रदर्शनसहित उपप्रमुख यादव प्रहरीमा आत्मसमर्पण गरेकी थिइन् । नेकपा एमालेबाट उपप्रमुखमा निर्वाचित यादव आत्मसमर्पण गर्न जाँदा एमाले स्थानिय नेताहरु उल्लेख्य संख्यामा जिल्ला प्रहरी कार्यालयको मुल गेटसम्म पुगेका थिए ।

सोही कसुरका आरोपी उनका श्रीमान् महेन्द्र भने फरार रहेको र उनको खोजिकार्य भइरहेको प्रहरी उपरिक्षक नरेन्द्र कुमार कार्कीले जानकारी दिए ।

उपप्रमुख मिरा र उनका पति महेन्द्र बिरुद्ध नागरिकता सम्बन्धी कसुर मुद्दामा जेठ ५ गते सप्तरी जिल्ला अदालतबाट परमादेश जारि भएपछि असार १७ गते जिल्ला प्रहरी कार्यालयले मुद्दा दर्ता गरेको थियो ।

डाक्नेश्वरी नगरपालिका वडा नं. ३ निवासी कृष्णकुमार यादवले दुई महिनाअघि उच्च अदालत जनकपुर-राजविराज इजलाशमा दायर गरेको मुद्दामा गत जेठ ५ गते न्यायाधिशद्वय हरिप्रसाद भण्डारी र तेजनारायण सिंह राइको संयुक्त इजलासले जिल्ला प्रहरी कार्यालयको नाउँमा परमादेशको आदेश जारी भएको थियो ।

परमादेश जारि भएपछि असार १७ गते जिल्ला प्रहरी कार्यालय सप्तरीले मुद्दा दर्ता गरेको थियो । कृष्णाले भारतीय नागरिक मिरा नेपालको नागरिकता समेत लिई उपमेयर बनेको र प्रहरी, प्रशासनले मुद्दा दर्ता गर्न नमानेको भन्दै उच्च अदालतमा परमादेशको माग गर्दै रिट दायर गरेका थिए ।

उपप्रमुख मिराकुमारी यादव र उनका पति महेन्द्रकुमार यादव भारतको बिहारस्थित मझारी पञ्चायत अन्तर्गतको मझारी गाउँका स्थानीय भएको दाबी गर्दै २०७९ साउनमा जिल्ला प्रशासन कार्यालय सप्तरीमा उजुरी परेको थियो । मिरा, महेन्द्रसहित उनीहरुका सन्तानले समेत झुठा बिबरण पेस गरेर नेपाली नागरिकता लिएको उजुरीमा उल्लेख छ ।

भारतको मतदाता सूचीमा मिराको नाम रहेको दाबी उजुरीमा गरिएको छ । अनुमण्डलीय न्यायालय, निर्मलीमा महेन्द्र र मिराले पेस गरेको शपथपत्र तथा भारतको निर्वाचन आयोगबाट लिएको पहिचान पत्र समेतबाट उनीहरू भारतीय रहेको प्रमाण पनि उजुरीमा समावेश गरिएको छ ।

# प्राध्यापक डा. यादवको निधन



**राजविराज**/मोटरसाइकल दुर्घटनामा परि गम्भिर घाइते भएका प्राध्यापक डा. पंचदेव यादवको उपचारका क्रममा निधन भएको छ ।

जेठ ३ गते राजविराज वडा नं. २ स्थित तेतरी गाछी चौकमा मोटरसाइकलको ठक्करबाट गम्भिर घाईते भएका उनको उपचारका क्रममा आइतबार राती बिराटनगरस्थित नोबेल अस्पतालमा निधन भएको हो ।

महेन्द्र बिन्देश्वरी बहुमुखी क्याम्पस राजविराजका प्राध्यापक रहेका डा. यादव नेपाल राष्ट्रिय प्राध्यापक संघ मधेश प्रदेशका अध्यक्ष, प्याब्सन मधेश प्रदेशका प्राज्ञिक सल्लाहकार, प्याब्सन सप्तरीका पूर्व अध्यक्ष, मैथिलि साहित्य परिषद्का एवं सामुदायिक सेवा केन्द्रका आजिवन सदस्य समेत थिए । उनका एक छोरा र तीन छोरी छन् ।

## चट्याङ ...

चट्याङ लागेर घाइते भएका रामको उपचारका क्रममा गजेन्द्रनारायण सिंह अस्पताल राजबिराजमा मृत्यु भएको सो अस्पतालले जानकारी दिएको छ ।

यसअघि जिल्लाको खडक नगरपालिका १० बेलहा निबासी ४७ वर्षिय उमाकान्त साहको पनि चट्याङ लागेर मृत्यु भएको थियो ।

आफ्नो खेतमा काम गरिरहेको अवस्थामा गत आइतबार चट्याङ लागेर घाईते भएका उनलाई उपचारका लागी गजेन्द्र नारायण सिंह अस्पताल राजबिराजमा ल्याउँदा चिकित्सकले इसिजि गर्दा मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।


**डा. कालीप्रसाद यादव**

**MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203**

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग

**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

**डा. रिपला आचार्य**

**MBBS, MD (BPKIHS) NMC NO. 19992**

**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**

**डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी**

यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।

**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**

**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**


## नेपाल सहकारी संस्था लिमिटेड

मुख्य कार्यालय, राजविराज ३, सप्तरी
फोन नं. ०३१-५३१०९६
**Email : ncl2058@gmail.com**

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**बिज्ञापन नं. : ०१/०७९/०८०** **प्रथम पटक प्रकाशित मिति : २०८०/०३/२०**


यस संस्थामा केही कर्मचारीहरुको आवश्यकता परेको हुनाले योग्यता पुगेका नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस संस्थामा दरखास्त आह्वान गरिन्छ ।

| | |
|---|---|
| **१. पद** | : कार्यालय सहायक |
| **२. संख्या** | : २ (दुई) |
| **३. योग्यता** | : मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा +2 वा सो सरह उत्तिर्ण गरेको र कम्प्युटर वा IT सम्बन्धी सम्पूर्ण ज्ञान भएको । (महिलालाई विशेष प्राथमिकता) |
| **४. आवश्यक कागजात** | : आवेदन फारम, व्यक्तिगत विवरण, नागरिकता प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि, अनुभवको प्रमाणपत्रको प्रतिलिपि तथा अन्य कागजातहरु । |
| **५. आवेदन दस्तुर** | : रु. ५००/- (पाँच सय) |
| **६. उमेर** | : १८ वर्ष पुरा भएको र अनुभवविलाई विशेष ग्राहयता दिइनेछ । |
| **७. तलब** | : संस्थाको नियमानुसार । |
| **८. आवेदन** | : फारम पाइने र पेश गर्ने स्थान नेपाल सहकारी संस्था लिमिटेड कार्यालय, राजविराज ३ को कार्यालय |
| **९. छनौट प्रक्रिया** | : आवेदकहरुको छोटो सूची (Short List) गरी संस्थामा रहेको सूचना पाटीमा नामावली प्रकाशन गरिने छ । छनौटमा परेका आवेदकहरुको मौखिक परिक्षा लिई योग्यताक्रम निर्धारण गरि छनौट गरिनेछ । |

**१०. आवेदन पेश गर्ने अन्तिम मिति :** सूचना प्रकाशित मितिले १५ दिन भित्र कार्यालय समयसम्म र उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुल्ने अर्को दिनमा आवेदन पेश गर्न सकिने छ ।
नोट : अन्य बिस्तृत जानकारीका लागि कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**संयोजक**
**पदपूर्ती उप-समिति**
**नेपाल सहकारी संस्था लिमिटेड**
**राजविराज ३, सप्तरी**

## बाढीबाट बच्ने उपायहरु




**अनुरोधकर्ता**
**बोदेबरसाइन नगरपालिका, सप्तरी**


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*